Total No. of Printed Pages—8

**HS/XII/A/n/22**

**2022**

# NEPALI (ELECTIVE)

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part—A (Objective Questions) serially.

(iii) Attempt all parts of a question together at one place.

## ( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

### SECTION—I

( *Marks* : 20 )

**1.** तल दिइएका प्रश्नहरूका वैकल्पिक उत्तरमध्ये सही उत्तर छानेर लेख (कुनै **दश**) : 1×10=10

(क) 'मसान' नाटकको अघिल्लो आधा भागमा कति दृश्य छन् ?

*(i)* पाँच

*(ii)* छः

*(iii)* सात

*(iv)* आठ

(ख) ''मैले ल्याएको यो तेल तिमीलाई फाप्छ कि फाप्दैन म भन्न सक्तिनँ।''—
यो वाक्य कसले कसलाई भनेको हो?

*(i)* दुलहीले वाग्मतीलाई

*(ii)* वाग्मतीले कृष्णलाई

*(iii)* युवतीले दुलहीलाई

*(iv)* वाग्मतीले युवतीलाई

(ग) दुलही कृष्णकी को हो?

*(i)* बहिनी

*(ii)* जेठी स्वास्नी

*(iii)* कान्छी स्वास्नी

*(iv)* नोकर्नी

(घ) दुलहीलाई मृत्युसम्म पुऱ्याउने व्यक्ति को हो?

*(i)* सासू

*(ii)* ससुरा

*(iii)* वाग्मती

*(iv)* कृष्ण

(ङ) युवतीको खास नाम के हो?

*(i)* कान्छी

*(ii)* ठूली

*(iii)* नैनी

*(iv)* हेलेन

(च) वाग्मतीको कतिभाइ छोरा थिए ?

*(i)* एक

*(ii)* दुइ

*(iii)* तीन

*(iv)* चार

(छ) झुमाको उद्धार गर्ने व्यक्ति को हो ?

*(i)* बैदार बूढा

*(ii)* रिकुटे

*(iii)* धने

*(iv)* मोटे कार्की

(ज) धनेले किन झुमाको बिहे गरिदिएन ?

*(i)* आर्थिक कठिनाइका कारण

*(ii)* इच्छा नभएर

*(iii)* समाजको डरले

*(iv)* झुमासँगको झगडाले

(झ) बैदारले धनेलाई कस्तो दरको ब्याजमा भैंसी दियो ?

*(i)* सस्तो

*(ii)* चर्को

*(iii)* निःशुल्क

*(iv)* मध्यम

(ञ) ''साह्रै धेरै लसपस नगर है, यी रिकुटे मोराहरूको त कत्ति भर हुन्न पो?''
यी माथिका वाक्य कसले भनेको हो?

*(i)* धने

*(ii)* मैना

*(iii)* झुमा

*(iv)* मोटे कार्की

(ट) झुमा आत्महत्या गर्न कहाँ गई?

*(i)* रागे भीरमा

*(ii)* छाँगे भीरमा

*(iii)* घोप्टे भीरमा

*(iv)* चिप्ले भीरमा

(ठ) आइतवारे हाट कति दिनमा लाग्ने गर्थ्यो?

*(i)* एक सातामा एकपल्ट

*(ii)* दुइ सातामा एकपल्ट

*(iii)* तीन सातामा एकपल्ट

*(iv)* चार सातामा एकपल्ट

**2.** कोष्ठभित्र दिइएका सही शब्द छानेर लेख (कुनै **पाँच**) : 1×5=5

(क) भोटुतिरबाट _____ त्यसरी नचुँड। (मन/माया)

(ख) कृष्ण _____ लेख्न सिध्याएर खाममा हाल्दछ। (चिट्ठी/पत्र)

(ग) मलाई त नगरी नसकिने _____ चाहिएको छ। (दया/माया)

(घ) दुवैका _____ एक-अर्कालाई निशाना साधिरहेका थिए। (हातले/आँखाले)

(ङ) आज यो बिहेको अठोट गरेपछि केही _____ भएजस्तो लागिरहेछ। (काम/नाम)

(च) पारिका घरहरू _____ धर्काजस्ता देखिन थाले। (कालाकाला/सेतासेता)

(छ) उसको _____ मसिनो तर मीठो छ। (हाँसो/स्वर)

**3.** कथन सत्य भए 'हो' र सत्य नभए 'होइन' लेख (कुनै **पाँच**) : 1×5=5

(क) कृष्ण एउटा असल व्यक्ति हो।

(ख) वाग्मतीलाई दुलहीले घृणा गर्थी।

(ग) कृष्णकी बहिनीका दुइ भाइ छोरा छन्।

(घ) रिकुटेले दुइ रात धनेको घरमा बितायो।

(ङ) धनेले झुमालाई बेस्सरी खोज्यो।

(च) बैदार बूढाले 'हरिराम'को थेगो प्रयोग गर्थे।

(छ) लेउते निकै धनी थियो।

SECTION—II

( *Marks* : 30 )

**4.** तलका कुनै **पाँच** प्रश्नहरूका *4/5* वाक्यमा उत्तर लेख : 3×5=15

(क) धनेको पूरा नाम के हो? धनेको परिवारमा को-को थिए?

(ख) धनेले किन लेउतेलाई अर्मल तिर्नु पऱ्यो?

(ग) दोबाटे साहिँलो कस्तो स्वभावको मान्छे थियो?

(घ) युवती आमा हुन नसक्ने कारण के हो?

(ङ) दोस्रो भेटमा रिकुटेले झुमाप्रति कस्तो भावना देखाउँछ र के प्रस्ताव राख्छ?

(च) 'मसान' नाटकको अन्तमा युवतीले किन घर छोड्ने निर्णय गर्छे? कृष्णले कसरी रोक्ने प्रयास गर्छ?

(छ) "म मरिदिन्छु, मेरो लाशलाई आधा पारेर काट। अनि दुइ सौता सौती एक-एक फ्याक बाँडेर लेओ।"—यो वाक्य कसले, कसलाई, किन भनेको हो?

**5.** (क) कारक के हो? कति प्रकारका छन्? कुनै दुइवटा कारकको नाम लेख। 3

(ख) शब्दालङ्कार केलाई भनिन्छ? शब्दालङ्कारको एउटा उदाहरण देऊ। 3

(ग) रस भनेको के हो? कति प्रकारका छन्? कुनै दुइवटा रसको नाम लेख। 3

(घ) वाच्य केलाई भनिन्छ? वाच्यका कति भेद छन्? ती के-के हुन्? 3

(ङ) छन्द भनेको के हो? कुनै चार छन्दको नाम लेख। 3

## ( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** सप्रसङ्ग व्याख्या गर (कुनै **दुइ**) : 6×2=12

(क) ''रोटेपिङ खेल्न दसैँमा आउन्नुहुन्न र? तपाईँका गाउँका सबै आउँछन्। ती भेट भइहाल्छ नि।''

(ख) ''तेरीमा बजिया, तँजस्ता भतुवाले मलाई जे मन लाग्यो सोही भन्ने?''

(ग) ''काम गर्ने मान्छे नभएर तिमीलाई ल्याएको त हैन बा! नोकर-चाकर छन्, म छु, तिमीलाई के-को धन्दा?''

(घ) ''म पनि मेरो जीउको स्याहार गर्न जान्दछु, मलाई पनि आफ्नो माया लाग्छ, त्यस्तो बिघ्न केटाकेटी त छैन दिदी अब।''

**7.** ''मसान' नाटक एउटा नारीसमस्या नाटक हो'' भन्ने विषयलाई उदाहरणसहित स्पष्ट पार। 8

**अथवा**

'मसान' नाटकको मुख्य पात्र कृष्णको चरित्र चित्रण गर।

**8.** 'बसाइँ' उपन्यासका पात्र मोटे कार्की र रिकुटे-को तुलनात्मक चरित्र चित्रण गर। 8

**अथवा**

झुमालाई रिकुटेले धोखा दिएको कुराको कसरी थाहा लाग्छ? यो कुराले घरमा कस्तो परिस्थिति उत्पन्न हुन्छ? अन्तमा झुमाले के गर्ने निर्णय गर्छे?

**9.** आफ्नो स्वास्थ्यको विषयमा जानकारी दिँदै छात्रावासबाट आफ्ना पितालाई एउटा पत्र लेख। 5

**10.** तलको कुनै **एउटा** विषयमाथि निबन्ध लेख : 10

(क) तिमीलाई मनपर्ने चाँड

(ख) प्राकृतिक सुन्दरता

(ग) स्वतंत्रता दिवस

(घ) महिला सशक्तिकरण

(ङ) पर्यावरणको आवश्यकता

**11.** शीर्षकसहित यस अनुच्छेदको सारांश लेख : 7

मानिसले आफ्नो मनमा सारा विचार बोकेर ल्याएको छ, जता हेर्‍यो—उतै जसको पनि आफ्नै संसार छ, आफ्नो विचार छ। विचार शुद्ध भएको मानिसलाई सारा प्रकृतिले आहवान गर्दछिन्। बेला-बेलामा उसको परीक्षा पनि लिन्छिन्। कमलो भूमिमा उब्जाउ धेरै भए झैं दयावान् मानिसको मनमा विचार पनि कमलो भएर आउँछ। उसले सारा संसारलाई आफ्नै सोंच्दछ। मानव-मनको विचारशक्तिमा सत्यता छ, सत्यले नै मानिसलाई विचार गर्न उच्चताको माहोलमा पुर्‍याएको हुन्छ। यदि मानिसको मनमा यस्तो विचार नहुँदो हो त आज यो मानव-संसारले यस्तो किसिमको सभ्यता पनि पाउने थिएन। मानिसलाई मानवताको दाँजोमा जीउन सिकाउने मानिसकै विचारहरू हुन्, एक प्रकारको अभिमान चीजलाई स्वाभिमान बनाउने पनि मानिसकै विचार हो।

★★★